अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भोटेकोशी गाउँपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ८ मितिः २०७६/०३/२४

## भाग-२

**भोटेकाशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम भोटेकोशी गाउँसभाले वनाएको तल उल्लेख गरिए वमोजिमको कानुन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको नियमावली नं. ८**

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

# तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर व्यवस्थापन कार्यविधि - २०७६

**प्रस्तावना :** आज विश्व औद्योगिकीकरण तथा व्यापारीकरण तर्फ उन्मुख हुँदै गईरहेको परिपेक्षमा नेपाल पनि त्यसबाट अलग हुन सक्दैन । तातोपानी नाका चिनिँयाबाट अलग हुन सक्दैन । तातोपानी नाका चिनिँया सामान आयात गर्ने

प्रमुख प्रशासकीय अधिकृत

नेपाल कै एक प्रमुख भन्सार कार्यालयको रूपमा लिइन्छ । यस नाकाबाट नेपाल भित्रिने सामान तथा चीन तर्फ निर्यात हुने सामानहरूको चेक जाँच गर्ने सिलसिलामा लोड अनलोड गर्न मजदुरहरूको आवश्यकता पर्ने गर्छ । सो कुरालाई मध्ये नजर गर्दै विगतका वर्षहरूमा दुईवटा कार्यक्षेत्रबाट अलग-अलग मजदुर संघले सेवा दिदै आएकोमा यसबाट मजदुर-मजदुर बिच नै अवस्य प्रतिष्पर्धा भई कार्य क्षमतामा नै ह्रास भएको कुरा महशुस भएकोले यसलाई अन्त्य गरि अब उप्रान्त नेपाल सरकारको समृद्व नेपाल सुखी नेपालीको मुल नारालाई आत्मसाथ गर्दै भोटेकोशी गाउँपालिकाले निर्माण गरेको कार्यविधि भित्ररहि तातोपानी भन्सार सुख्खा बन्दरगाह भित्र मजदुर परिचालन गर्न तातोपानी भन्सार सुख्खा बन्दगाह मजदुर संघको कार्यविधि २०७६ भोटेकोशी गाउँपालिका सिन्धुपाल्चोक वान्छनिय भएकोले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

१ **नाम-** तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर संघ

२ **कार्यालय** - भोटेकोशी गाउँपालिकाको कार्यालय सर्म्पकको लागि भन्सार गार्डमा सर्म्पक कार्यालय खोलिनेछ ।

३ **कार्य क्षेत्र** - यसको कार्य क्षेत्र हाललाई तातोपानी भन्सार सुख्खा बन्दरगाहमा हुनेछ । गाउँपालिकाले आवश्यक ठानेमा अन्य क्षेत्रमा पनि खटाईने छ ।

४ **परिभाषा**

क) कार्यविधि भन्नाले भोटेकोशी गा.पा.ले जारी गरिएको तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर संघको कार्यविभि २०७६ लाई सम्झनुपर्नेछ ।

ख) मजदुर भन्नाले भोटेकोशी गाउँपालिकाले जारी गरिएको कार्यविधि बमोजिम तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर संघमा नियुक्त भई तोकिएका कार्य क्षेत्रमा खटिएका व्यक्तिलाई जनाउनेछ ।

५ **उद्देश्य**

क) यो मुनाफा रहित जनहितकारी हुनेछ ।

ख) मजदुरहरूको पेशाको संरक्षण तथा सम्बर्धन गर्नेछ ।

ग) मजदुरहरूको दुर्घटना बिमा गराईनेछ ।

घ) कार्य क्षेत्रमा हुने अवान्छित गतिविधिलाई निर्मुल गरिनेछ ।

ङ) मजदुरहरूलाई समय- समयमा विज्ञ द्वारा पेशागत तालिम एवंम् प्रशिक्षणहरू संचालन गरिनेछ ।

च) मजदुरहरूको सामुहिक समस्याहरूलाई समय समयमा छलफल गरी समाधान गरिनेछ ।

छ) मजदुरहरूलाई कार्य क्षेत्रमा खटिदा छुटै किसिमको पोशाकको व्यवस्था गरिनेछ ।

ज) मजदुरहरूको लागि परिचय पत्रको व्यवस्था गरिनेछ ।

झ) कार्य क्षेत्रमा मजदुर व्यापारी भन्सार कर्मचारी सवारी चालकका बिच सौहार्दपूर्ण वातावरण निर्माण गरिनेछ ।

६ **उद्देश्य प्राप्त गर्न गरिने कामहरू**

क) सम्पर्क कार्यालय संचालनको लागि चवन निर्माण वा भाडामा लिनेछ ।

ख) कार्यालयमा चाहिने आवश्यक सामानहरू खरिद वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) कार्यालय संचालनको लागि आवश्यक कर्मचारी नियुक्ती गर्ने र तिनको सेवा सुविधाका शर्तहरू मजदुर र कर्मचारी बिच आपसी सहमतिमा निर्धारण गरिनेछ । यसका लागि आवश्यक रकम मजदुरहरूबाट आन्तरिक रूपमा व्यवस्थापन गरिनेछ ।

घ) मजदुरहरूलाई कार्यक्षेत्रमा शुद्ध पिउने पानी, शौचालय, चमेना गृह लगायतका विषयमा तातोपानी भन्सार सुख्खा बन्दरगाहको कार्यालय सँग समन्वय गरिनेछ ।

७ **मजदुर नियुक्तिको लागि आवश्यक योग्यता**

क) भोटेकोशी गाउँपालिका भित्र स्थायी बसोबास भएको ।

ख) २० वर्ष पूरा भई ५५ वर्ष नकाटेको ।

ग) साधारण लेखापढी गर्न जान्ने ।

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

घ) शारीरिक रूपमा स्वस्थ भएको ।

ङ) कार्यविधि पालना गर्न प्रतिबद्धता भएको ।

८ **मजदुर काममा बहाल रहन नसक्ने अवस्था**

क) भाटेकोशी गाउँपालिका भन्दा बाहिर बसाईसराई गएमा ।

ख) मगज बिग्रेमा अथवा बौलाएमा ।

ग) मृत्यु भएमा ।

घ) दिर्घ रोगी भएमा ।

ङ) कुनै प्रकारको चोरी, ठगी, जालसाझी गरेमा ।

च) आफ्नो जिम्माको माल सामान जानी नजानी हानी नोक्सानी गरेमा वा भ्रष्टाचार गरेको अभियोग अदालतबाट प्रमाणित भएमा ।

छ) स्वईच्छाले छाड्न चाहेमा ।

ज) ६० वर्ष उमेर पूरा भएमा ।

झ) पटक-पटक गरि ३ पटकसम्म कार्य क्षेत्रमा मद्यपान सेवन गरि उपस्थित भएमा ।

ञ) कार्य क्षेत्रमा रोजगारदाता सँग झै-झगडा गरेमा ।

ट) मजदुरले माथि उल्लेख गरिएका कार्य गरेको भनि कार्यक्षेत्रमा खटिएका कर्मचारीबाट सिफारिस भई आएमा गाउँपालिका अध्यक्षले हटाईनेछ ।

९ **मजदुर नियुक्ति**

क) कार्य क्षेत्रको माग अनुसारको मजदुर नियुक्त भोटेकोशी गाउँपालिकाले गर्नेछ ।

ख) प्रथम पटक नियुक्त मजदुर कार्य क्षेत्रमा अपुग भई थप नयाँ मजदुर नियुक्त गर्नुपरेमा तत्काल कार्यरत मजदुरहरू मध्ये कम्तीमा ७५ % मजदुरहरूको लिखित सहमतिमा भोटेकोशी गाउँपालिकाको गाउँसभाबाट पारित गरेर मात्र थप नयाँ मजदुर भर्ना प्रकृया अगाडी बढाइनेछ ।

ग) प्रथम पटक मजदुर भर्ना गर्दा यस भन्दा अगाडी कार्यरत मजदुरहरूलाई अवसर दिईनेछ । साथै यसरी भर्ना गर्दा आर्थिक, सामाजिक रूपमा पछाडि परिएका वर्ग, दलित, आदिवासी जनजाति लगायत भन्सार क्षेत्र नजिक बसोबास गर्नेलाई पहिलो प्राथमिकता दिईनेछ ।

घ) सम्पुर्ण मजदुरहरूको अभिलेख गाउँपालिकाको कार्यालयले राखिनेछ ।

१० **रिक्त स्थानमा पदपूर्ति**

क) बुँदा नं. ८ बमोजिम रिक्त भएको स्थानमा गाउँपालिकाले पहिले निजको एकाघरको हकवाला लाई अवसर दिइनेछ । यदि हकवाला इच्छुक नभए खुल्ला विज्ञापन द्वारा पदपुर्ति गरिनेछ ।

११ **समुह विभाजन**

क) कार्य सम्पन्न गर्न सहज होस भन्नाको लागि आवश्यक समुह विभाजन गरि कार्य क्षेत्रमा खटाईने छ ।

ख) समुह विभाजन गर्दा सकभर एकै स्थान, गाउँ, टोलको लाई एउटै समुहमा राखिनेछ । यसरी समुह बनाउँदा प्रत्येक मजदुरलाई कुन समुहमा बस्ने भनेर रोज्ने अवसर दिईनेछ ।

ग) मजदुरले एकपटक समुहमा समावेश भए पछि पुनः परिवर्तन गर्न पाईने छैन ।

१२ **ज्याला निर्धारण**

क) भोटेकोशी गाउँपालिका मजदुर प्रतिनिधि, सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ लगायतका बिच छलफल गरि सहमतिमा प्रत्येक आर्थिक वर्ष शुरू भएको २(दुई) महिना भित्रमा मजदुरको ज्याला निर्धारण गरिनेछ ।

ख) यसरी निर्धारण गरिएको ज्याला दर सार्वजनिक सुचना मार्फत सबैलाई जानकारी दिई कार्यान्वयन गरिनेछ ।

ग) ज्याला निर्धारण गर्दा सहमति हुन नसकेमा भोटेकोशी गाउँपालिकाले तोकिएको ज्यालादरलाई नै अन्तिम मानिनेछ ।

घ) ज्यालादर निर्धारण गर्दा कामको प्रकार गाडीको आकार सामानको अवस्थालाई हेरेर अलग-अलग दर रेट निर्धारण गरिनेछ ।

१३ **बन्देज/निषेध**

क) कार्य क्षेत्रमा जाँदा कुनै पनि मजदुरले झोला लान पाईने छैन ।

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

अधिकृत

ख) मजदुरले आफु खुशी आफ्नो काम बेचविखन सट्टा भर्ना, आलोपालो गर्न पाईने छैन । यसरी गरेमा मजदुरलाई कामबाट हटाईनेछ ।

ग) काममा लगातार अनुपस्थित भएमा पनि कामबाट हटाईनेछ ।

**१४ संसोधन**

क) यो कार्यविधिलाई भोटेकोशी गाउँपालिका र मजदुर बिच आपसी सहमतिमा समय सापेक्ष संसोधन गर्न सकिनेछ ।

**१५ कानुन अनुसार हुने**

क) यस कार्यविधिमा उल्लेख नभएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानुन बमोजिम बाझिन गएका कुराहरू स्वत निष्कृय हुनेछ ।

**१६ विविध**

क) भोटेकोशी गाउँपालिकाले यस कार्यविधि बमोजिम भर्ना गरिएका मजदुरहरू विशेष गरि भन्सार क्षेत्रको सामान लोड अनलोड गर्नको लागि भर्ना गरिएकोले गर्दा कथम कथाचित भन्सारमा काम नभएको अवस्थामा मजदुरहरूले गाउँपालिका सँग आफ्नो पारिश्रमिक दावी गर्न पाईने छैन ।

ख) रोजगार क्षेत्रमा मजदुर माथि हुने श्रम शोषण, हिंसा, असुरक्षा लगायतका सम्पुर्ण कार्यको रेखदेख र जिम्मेवारी भोटेकोशी गाउँपालिकाले गर्नेछ ।

## परिच्छेद २
## पुरानो मजदुरको विवरण

| क्र.स. | वडा नं. | संख्या |
|---|---|---|
| १ | भोटकोशी गाउँपालिका - १ नं. वडा | ३१ जना |
| २ | भोटकोशी गाउँपालिका - २ नं. वडा | ८९ जना |
| ३ | भोटकोशी गाउँपालिका - ३ नं. वडा | ३१ जना |
| ४ | भोटकोशी गाउँपालिका - ४ नं. वडा | १०७ जना |
| ५ | भोटकोशी गाउँपालिका - ५ नं. वडा | १ जना |
| | जम्मा | २५९ जना |
| ६ | बाहिरबाट आई काम गरेको | ४८ जना |
| हाल मौजुदा मजदुर संख्या | | २०७ जना |

## परिच्छेद ३
## निवेदनको ढाँचा र आवश्यक कागजपत्र

क) भोटेकोशी गाउँपालिकालाई सम्बोधन गरि आफुले काम गर्न चाहेको आशयको निवेदन लेख्ने ।

ख) नेपाली नागरिकताको फोटोकपी - १ प्रति

ग) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो - २ प्रति

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १
परिचय पत्रको नमुना

स्थानीय सरकार
भोटेकोशी गाउँपालिकाको कार्यालय
तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर संघ
तातोपानी -३, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल ।

## मजदुर संघ परिचय पत्र

फोटो

प्रमाणित
हस्ताक्षर

परिचय पत्र नं. :-
नाम, थर :
ठेगाना : भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक जिल्ला ।
टोल :
वडा नं. :
उमेर : लिङ्ग : रक्त समूह :
बुबाको नाम : आमाको नाम :
ना.प्र.नं. : जारी मिति : जारी स्थान :
सर्म्पक नं. :
प्रमाणित गर्ने अधिकृतको नाम, थर : दस्तखत :
पद :

भोटेकोशी गाउँपालिका
कुलिपङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २
मजदुरले भर्नुपर्ने फारम

# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक
३ नम्बर प्रदेश, नेपाल

दर्ता नं. :-........ मिति :

विषय : तातोपानी भन्सार सुख्खा बन्दरगाह मजदुर संघको सदस्य फारम ।

| फोटो<br>प्रमाणित<br>हस्ताक्षर |
|---|

नाम, थर :

<u>स्थायी ठेगाना</u>

टोल : वडा नं. : जिल्ला :

<u>हालको ठेगाना</u>

टोल : वडा नं. : जिल्ला :

बुबाको नाम : आमाको नाम :

उमेर : लिङ्ग : रक्त समूह :

ना.प्र.नं. : जारी मिति : जारी स्थान :

सर्म्पक नं. :

............................ ............................

मजदुर संघको सदस्यको दस्तखत

प्रमाणित गर्ने अधिकृतको दस्तखत

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

..............................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

**मोहन प्रसाद निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**